# काठमाडौं महानगरपालिका

# Kathmandu Metropolitan City

श्री महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

काठमाडौं प्लाजा, कमलादी, बागमती प्रदेश, नेपाल

(कानून तथा मानव अधिकार विभाग)


पत्र संख्या: ०८०/०८१
चलानी नं. २६१

मिति : २०८०।६।१०

श्री सबै वडा कार्यालय,
का.म.पा. ।

विषय : कपाली तमसुक प्रमाणित गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा मुलुकी देवानी कार्यविधी संहिता, २०७४ को दफा ३६ मा संशोधन भई मिति २०८०/०४/१२ को नेपाल राजपत्रमा प्रकाशन भए अनुसार वडा कार्यालयले लेनदेनका पुराना लिखतहरुमा समेत प्रमाणित गर्नुपर्ने कानुनी व्यवस्था भएको छ । सो सम्बन्धमा वडा कार्यालयबाट द्विविधा भएको गुनासो/जानकारी प्राप्त भएकोले सो सम्बन्धमा 'अनुचित लेनदेन(मिटर व्याज) सम्बन्धी जाँचबुझ आयोग २०७९' बाट मिति २०८०/०५/२७ मा जारी भएको मार्गदर्शन बमोजिम गर्न गराउन सबै वडा कार्यालयमा परिपत्र गर्ने भनी श्रीमान प्रमुख प्रशासकीय अधिकृतस्तरीय मिति २०८०/०६/०८ को निर्णय बमोजिम यो परिपत्र गरिएको छ । अतः उक्त आयोगबाट भएको मार्गदर्शनको छायाँकपी यसै साथ संलग्न गरिएको छ । सोही मार्गदर्शनमा भएको व्यवस्था बमोजिम गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

२०८०।६।१०
देवि कुमार तिमिल्सिना
वरिष्ठ कानून अधिकृत

कार्यार्थ :
श्री सूचना प्रविधि विभाग: वेवसाइटमा अपलोड गरिदिनुहुन ।


बागदरबार, काठमाडौं, नेपाल, फोन नं. :+९७७-०१-४२३१४७७, फ्याक्स नं.:+९७७-०१-४२६८५०९

E-mail : ceo@kathmandu.gov.np, kmcmayor@mos.com.np, Website:www.kathmandu.gov.np

## मुलुकी देवानी कार्यविधि संहितामा २०८०।४।१२ मा संशोधन भएपछिको अवस्थामा सबै स्थानीय तह वा वडा समितिबाट कपाली तमसुक प्रमाणित गर्दा ध्यान दिनुपर्ने कुराहरुको मार्गदर्शन

### कपाली तमसुक प्रमाणीकरण बारे भएको कानुनी व्यवस्था

मुलुकी देवानी संहिता ऐन,२०७४, २०७५ भदौ १ गते देखि प्रारम्भ भएको हो। सो मिति देखिका ५० हजार रुपैयाँभन्दा बढीका धरसारमा भएको कपाली तमसुक स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयबाट कारणीहरुको रोहबरमा प्रमाणित गर्नु पर्ने अनिवार्य कानूनी व्यवस्था गरेको छ। तर ऐन लागु हुनु पूर्व धरसारमा भए गरे वा खडा गरेका १० वर्षे हदम्याद हुने कपाली तमसुकहरु त्यतिबेला ऐन लागु हुँदाको अवस्था (२०७५ भदौ १) मा (दफा ३६ प्रतिबन्धात्मक वाक्यांशले) प्रमाणित गराउन पर्ने बाध्यता गरेको थिएन। अर्थात् प्रमाणित नगराइकन नै अदालतमा लेनदेन मुद्दा चल्दथ्यो ।

हाल मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाइ संशोधन गर्ने ऐन,२०८० संसदबाट सर्वसम्मतीले पारित भइ राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि मिति २०८०।४।१२ देखि लागु भयो । मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा ३६को उपदफा (३) मा भएको संशोधित कानूनी व्यवस्था अनुसार पुरानो लिखत तमसुक प्रमाणित गराउनु पर्ने थप र नयाँ कानूनी व्यवस्था भएको छ । यही संहिता सम्बन्धमा २०८०।१।२० मा अध्यादेश जारी भएपछि स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयबाट लिखत प्रमाणित गराइसकेको भएमा भने पुनः प्रमाणित गराइ रहनु पर्दैन । हाल संशोधित कानूनी प्रावधान अनुसार साविकको मुलुकी कार्यविधि संहिता २०७४ मा उपदफा ३क ३ख ३ग ३घ र ३ङ र (६) थपिएका छन् । ती यस प्रकार छन् ।

(३क) यो उपदफा प्रारम्भ हुँदाका बखत उपदफा (२) बमोजिम सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयबाट प्रमाणित नगराइएको लेनदेन कारोबारका लिखतहरु यो उपदफा प्रारम्भ भएको मितिले ६(छ) महिनाभित्र प्रमाणित गराउनु पर्नेछ ।

**हकवाला वा संरक्षकले लिखत प्रमाणित गराउन सक्ने:**

(३ ख) माथि उपदफा (३क) मा जुनसुकै कुरा लेखिएको भए तापनि लेनदेन कारोबारको कुनै पक्ष बिरामी परी वा शारीरिक वा मानसिक अशक्तताको कारणले आफैं उपस्थित हुन नसक्ने भएमा त्यस्तो पक्षको हकमा निजको हकवाला वा संरक्षकले त्यस्तो लिखत प्रमाणित गराउन सक्नेछ ।

(३ग) माथि उपदफा (३क) र (३ ख) बमोजिम लेनदेन कारोबारको लिखत प्रमाणित गर्नु अघि सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले त्यस्तो लिखत बमोजिमको कारोबारको सत्यता सम्बन्धमा आवश्यक जाँचबुझ गर्न सक्नेछ ।

(३घ) उपदफा (३क) बमोजिम प्रमाणित गराउने प्रयोजनको लागि लेनदेनको कुनै एक पक्ष उपस्थित नभए तापनि त्यस्तो लेनदेन कारोबारको यथार्थता बुझी सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले प्रमाणित गरिदिनु पर्नेछ ।

(३ङ) उपदफा (३क) मा जुनसुकै कुरा लेखिएको भए तापनि लेनदेन कारोबारको कुनै पक्ष नेपालबाहिर रहेको अवस्थामा निज फर्की आएको मितिले छ महिनाभित्र लेनदेन कारोबारको लिखत प्रमाणित गराउनु पर्नेछ ।

उपदफा (६) थपिएको छ । सो थपिएको उपदफा (६)मा सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले यस दफा बमोजिम लिखत प्रमाणित गरी अभिलेख राख्नु पर्नेछ ।

## कपाली तमसुक प्रमाणित गर्दा विचार गर्नु पर्ने कुराहरु

उपदफा (३क) मा भएको नयाँ कानूनी व्यवस्थानुसार २०७५ भदौ १ गते अगाडि भएका एकलाख रुपैयाँ भन्दा बढीको लेनदेन कारोबार घरसारमा नगदै गरेको पुराना कपाली तमसुक वा लिखत पनि स्थानीय तह वा वडा समितिको कार्यालयबाट प्रमाणित नगराइएको भए यो ऐन प्रारम्भ भएको मितिले ६ महिनाभित्र प्रमाणित गराउनु पर्ने कानूनी व्यवस्था भएको छ। त्यस्ता पहिले प्रमाणित नगराइएका लेनदेन कारोबारका लिखतहरु ६ महिनाभित्र अर्थात् २०८० माघ ११ गतेभित्र प्रमाणित गराइ सक्नु पर्दछ ।

माथि उपदफा (३ग) अनुसार लिखत प्रमाणित गराउनु अघि सत्यता सम्बन्धमा स्थानीय तह वा वडा समितिको कार्यालयले आवश्यक जाँचबुझ गर्नु पर्ने हुन्छ। लिखत प्रमाणित गराउन साहुको निवेदन परेपछि स्थानीय तह वा वडा समितिको कार्यालयले असामी अर्थात् ऋणीलाइ बोलाएर साहुले पेश गरेको लिखत तमसुक देखाइ तमसुकको सत्यता सम्बन्धमा सनाखत गराउनु पर्दछ । यदि ऋणीले तमसुक (लिखत)मा बढी रकम उल्लेख गरेको तर आफुले कम रकम लिएको भन्दछ भने सोही कुरा लेखेर प्रमाणित गराउनु पर्दछ ।
तमसुक लिखत प्रमाणीकरणको लागि स्थानीय तह वा वडा समितिको कार्यालयमा निवेदन दर्ता भएपछि साहु वा असामी मध्ये कुनै एक पक्ष उपस्थित नभएतापनि लेनदेन कारोवारको यथार्थता बुझेर प्रमाणित गरिदिनु पर्ने भएकाले लिखतका दुवै पक्षका साक्षीहरुलाइ बुझ्नु नै उचित हुने भएकाले ती साक्षी बुझ्नु नै उपयुक्त हुन्छ।

उप दफा (३ङ) मा लेनदेन कारोबारको कुनै पक्ष नेपाल बाहिर रहेको अवस्थामा फर्की आएको मितिले ६ महिना भित्र लिखत प्रमाणित गराउनु पर्ने कानूनी प्रावधान थपिएको छ । यो प्रावधान अनुसार साहु वा असामी नेपाल बाहिर अर्थात् विदेशमा रहेको अवस्थामा फर्की आएको ६महिनाभित्र प्रमाणित गराउनु पर्ने हुन्छ ।
हुनतः विदेश जाने साहु वा ऋणीको हकमा उपदफा (३ख) अनुसार निजको हकवाला वा संरक्षकले पनि लिखत प्रमाणित गराउन सक्ने प्रावधान रहेकै छ । नेपाल बाहिर रहेकोमा फर्की आएको ६ महिनाभित्र प्रमाणित गराउनु पर्दछ ।

मुलुकी ऐन, २०२० भाग ३ महल १७ लेनदेन व्यवहारको महलको २ नं. बमोजिम र हालको मुलुकी देवानी (संहिता) ऐन, २०७४ को परिच्छेद १५ लेनदेन व्यवहार सम्बन्धी व्यवस्थाको दफा ४८४ बमोजिम समेत कपाली तमसुकको हदम्याद बढीमा १० वर्षको हुन्छ । सो दश वर्षको हदम्याद भने यो प्रावधानले थप हुन नसक्ने भएकाले त्यसतर्फ सरोकारवालाहरुले गम्भीरतापूर्वक विचार पुराउनु पर्दछ।त्यसैले उपदफा (३ङ) अनुसार प्रमाणित गराउन विदेशबाट फर्की आउने मितिमा कपाली तमसुकको १० वर्ष हदम्याद जाने नजाने तर्फ हकवाला र संरक्षकले विचार पुराउनु पर्दछ ।कसैगरी पनि हदम्याद जान दिनु हुँदैन ।
स्थानीय तह वा वडा समितिको कार्यालयले तमसुक अभिलेख प्रमाणित गरेपछि अभिलेख राख्नु पर्ने प्रावधान सम्बन्धमा केही विचार पुराउनु पर्ने हुन्छ ।कपाली तमसुक प्रमाणितको अभिलेख राख्नु पर्ने भएकाले साहुको निवेदन परेपछि

- निवेदन दर्ता गर्ने ।
- निवेदनको छुट्टै फाइल खडा गर्ने ।
- निवेदन दर्ता गर्नु अघि असामी अर्थात् ऋणीको नाम थर वतन (घर रहेको स्थान, टोल मोहल्ला,घरको नम्बर, सडक आदि) फोन, मोबाइल नम्बर आदि सबै विवरण राम्रोसंग खुलाउन लगाउने ।
- सोही ठेगानामा फोन गरेर ऋणीलाइ बोलाउने ।फोन नम्बर पत्ता नलागेमा वा सम्पर्क हुन नसकेमा
- साहुको निवेदन परेको व्यहोरा खुलाइ ऋणीलाइ उपस्थित हुन पत्र लेख्ने ।

➢ म्याद सरह पत्र तामेल गराउने । तामेल गराउँदा टोल छिमेकका कम्तिमा ३ जना स्थानीय व्यक्ति रोहबरमा साक्षी राख्ने ।
➢ ऋणी उपस्थित हुन आएमा साहुको तमसुक देखाइ सनाखत गराउने ।
➢ साहु र असामीको कुरा मिलेमा सोही व्यहोरा खुलाएर तमसुक प्रमाणित गरिदिने।
➢ तमसुकमा मुख नमिले सोही व्यहोरा खुलाइ सनाखत गराउने ।
➢ तमसुक लिखत प्रमाणित गराउँदा यी सबै व्यहोरा खुलाएर अभिलेख राख्ने गरी प्रमाणित गरी दिने ।
➢ तमसुक प्रमाणित गराउँदा ऋणीलाइ सूचना नदिएमा वा एकतर्फी रुपमा प्रमाणित गरिदिएमा स्थानीय तह वा वडा समितिका पदाधिकारी माथि जालसाज गरेकोमा मुद्दा लाग्न सक्छ ।
➢ त्यसैले सत्यतथ्य बुझेर सोही व्यहोरा खुलाएर प्रमाणितको अभिलेख अर्थात् रेकर्ड राख्नु पर्दछ ।

मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाइ संशोधन गर्न बनेको ऐन, २०८० (नेपाल राजपत्र भाग ४ खण्ड ७३ अतिरिक्ताङ्क १८ प्रकाशित मिति २०८०।४।१२) अनुसार मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा ३६ को उपदफा ३ को देहाय (३ क) बमोजिम स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयबाट ६ महिना (अर्थात् २०८० माघ ११ गते) भित्र लेनदेन कारोबारका लिखत प्रमाणित गराउँदा अपनाउनु पर्ने कार्यविधिहरु:

**क) लेनदेन कारोबारको लिखत प्रमाणित गर्नु अघि संवन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले त्यस्तो लिखत बमोजिमको कारोबारको सत्यता संवन्धमा आवश्यक जाँचबुझ गर्दा अपनाउनु पर्ने प्रकृयाहरु:**

१। लिखत (तमसुक) प्रमाणित गर्नका लागि साहु र ऋणी वडा कार्यालयमा उपस्थित हुँदा लेनदेन गरेको रकममा विवाद नभएमा लिखत सनाखत गरिदिने।

२। लिखत सनाखतका लागि साहु र आसामी वडा कार्यालयमा उपस्थित भएपनि उनीहरु बीच लेनदेन भएको रकममा सहमति नभएमा लिखत तयार गर्ने लेखन्दास र लिखतमा साक्षी बसेका व्यक्तिहरुलाई उपस्थित गराउनु पर्ने।

३। माथि २ नं मा उल्लेखित व्यक्तिहरु प्रत्येकलाई ऋण लिएको यकीन रकम के कति हो, भनि प्रत्येक व्यक्तिहरुलाई छुट्टाछुट्टै लिखित रुपमा सोधपुछ गर्ने।

४। साहु र आसामी बीच लेनदेन हुँदा नगद, जिन्सी, चेक वा अन्य कुन माध्यमबाट लेनदेन भएको थियो भनी सोधपुछ गर्ने।

५। साहु र आसामी दुबै पक्ष लिखत सनाखत गर्न मञ्जूरी भएमा र साक्षीहरुले पनि उक्त रकम नै वास्तविक लेनदेन भएको रकम हो भनी सनाखत गरिदिएमा लिखत प्रमाणित गरिदिने।

६।साहु र आसामी दुबै पक्ष लिखत सनाखतको लागि उपस्थित भएपनि साहु र आसामी बीच वास्तविक लेनदेन भएको मिति र रकम संवन्धमा विवाद भएमा अर्थात् लेनदेन गरेको भनी तमसुकमा उल्लेखित रकममा असामीको सहमति नभएमा सोही व्यहोरा कैफियत जनाई सनाखत गरिदिने।

<u>**ख) लिखत (तमसुक) सनाखतका लागि साहु र आसामी एकसाथ उपस्थित नभएमा अपनाउनु पर्ने कार्यविधि:**</u>

१। साहु बाट ऋणीको मोबाइल नंवर वा टेलिफोन नंवर र लिखत गर्दाको र हालको यकीन ठेगाना लिखित रुपमा उपलब्ध गराउने।

२। ऋणीको मोबाइल वा टेलिफोन नंवर उपलब्ध गराएकोमा सोझै कुराकानी गरी ऋण रकम यकीन गर्ने।

ज३। ऋणीको मोबाइल वा टेलिफोन नभएमा निजको वतन खुल्ने ठेगानामा गई वा पत्राचार गरी स्थानीय तह वा वडा समितिको कार्यालयमा उपस्थित गराइ सोधपुछ गरी कारोबार वा लेनदेन भएको यकीन रकम पत्ता लगाई लिखत सनाखत गर्ने।

४। ऋणी घर गाँउमा नभै देश भित्रकै अर्को गाँउ जिल्लामा भएमा घर परिवारका सदस्यहरु मध्ये घरको मुख्य भै घर व्यवहार चलाउने व्यक्तिलाई मोबाइल टेलिफोन वा पत्राचार मार्फत उपस्थित गराइ सोधपुछ गरी सनाखत गरिदिने।

५। ऋणी विदेशमा भएको र कपाली तमसुकको १० वर्षको म्याद गुज्रने अवस्था भएमा निजलाई प्रत्यक्ष रुपमा सोधपुछ मार्फत रकम एकिन गर्न नसकिएमा मोबाइल, टेलिफोन वा सामाजिक सञ्जाल मार्फत सोधपुछ गरी वास्तविक लेनदेन रकम यकीन गरी लिखत सनाखत गरिदिने।

६। भरमग्दुर प्रयत्न गर्दा पनि ऋणी नभेटिएमा टोल, छिमेकका व्यक्तिहरुसंग छलफल सोधपुछ गरेर सोही व्यहोरा लिखतमा जनाई लिखत सनाखत गरिदिने।

यस आयोगको मिति २०८०।५।२७।४ को बैठकबाट पारित ।

नेपाल राजपत्र भाग ४ खण्ड ७३ अतिरिक्तांक १८ प्रकाशित मिति २०८०।४।१२ सार्थै छ ।

केही बुझ्नु परेमा आयोगको इमेल <metre.ia007@gmail.com>

अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग,२०७९
गृह मन्त्रालय परिसर सिंहदरबार काठमाडौं
२०८० भदौ २७

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, साउन १२ गते, २०८० साल (अतिरिक्ताङ्क १८


## भाग ४

### नेपाल सरकार

### कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधान बमोजिम सङ्घीय संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## संवत् २०८० सालको ऐन नं. ५

## <u>मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन</u>

**<u>प्रस्तावना</u>:** अनुचित लेनदेन सम्बन्धी कार्यलाई कसुर कायम गर्नको लागि मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **मुलुकी देवानी संहिता, २०७४ मा संशोधनः** मुलुकी देवानी संहिता, २०७४ को,-

(१) दफा ४७७ को खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छः-

"(ज१) लिखत तयार गर्दाका बखत साहु र ऋणीको कम्तीमा एक-एकजना साक्षीको नाम, थर र ठेगाना,"

(२) दफा ४८८ को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर एक लाख रुपैयाँभन्दा बढीको लेनदेन कारोबार घरसारमा नगर्दै गरेको अवस्था भएमा त्यस्तो रकम भराइदिइने छैन।"

३. **मुलुकी देवानी कार्यविधि संहिता, २०७४ मा संशोधनः** मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ३६ को,-

(१) उपदफा (२) मा रहेका "विनिमेय अधिकारपत्र मार्फत कारोबार हुने" भन्ने शब्दहरूको सट्टा "विनिमेय अधिकारपत्र मार्फत वा बैङ्क तथा वित्तीय संस्थासँग कारोबार हुने" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (३) पछि देहायका उपदफा (३क), (३ख), (३ग), (३घ) र (३ङ) थपिएका छन्:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

"(३क) यो उपदफा प्रारम्भ हुँदाका बखत उपदफा (२) बमोजिम सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयबाट प्रमाणित नगराइएका लेनदेन कारोबारका लिखतहरू यो उपदफा प्रारम्भ भएको मितिले छ महिनाभित्र प्रमाणित गराउनु पर्नेछ।

(३ख) उपदफा (३क) मा जुनसुकै कुरा लेखिएको भए तापनि लेनदेन कारोबारको कुनै पक्ष बिरामी परी वा शारीरिक वा मानसिक अशक्तताको कारणले आफै उपस्थित हुन नसक्ने भएमा त्यस्तो पक्षको हकमा निजको हकवाला वा संरक्षकले त्यस्तो लिखत प्रमाणित गराउन सक्नेछ।

(३ग) उपदफा (३क) र (३ख) बमोजिम लेनदेन कारोबारको लिखत प्रमाणित गर्नुअघि सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले त्यस्तो लिखत बमोजिमको कारोबारको सत्यता सम्बन्धमा आवश्यक जाँचबुझ गर्न सक्नेछ।

(३घ) उपदफा (३क) बमोजिम प्रमाणित गराउने प्रयोजनको लागि लेनदेनको कुनै एक पक्ष उपस्थित नभए तापनि त्यस्तो लेनदेन कारोबारको यथार्थता बुझी सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले प्रमाणित गरिदिनु पर्नेछ।

(३ङ) उपदफा (३क) मा जुनसुकै कुरा लेखिएको भए तापनि लेनदेन कारोबारको कुनै पक्ष नेपालबाहिर रहेको अवस्थामा निज फर्की आएको मितिले छ महिनाभित्र लेनदेन कारोबारको लिखत प्रमाणित गराउनु पर्नेछ।"

(३) उपदफा (४) मा रहेका "उपदफा (३) बमोजिम" भन्ने शब्दहरूको सट्टा "उपदफा (३) वा (३क) बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपदफा (५) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(५) उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले यस दफा बमोजिम लिखत प्रमाणित गरी अभिलेख राख्नु पर्नेछ।"

४. <u>**मुलुकी अपराध संहिता, २०७४ मा संशोधनः**</u> मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ पछि देहायको दफा २४९क. थपिएको छः-

"२४९क. <u>**अनुचित लेनदेन गर्न नहुनेः**</u> (१) कसैले अनुचित लेनदेन गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि घरसारमा कसैले देहायका काम गरेमा अनुचित लेनदेन गरेको वा गराएको मानिनेछः-

(क) लेनदेन नभएको वा नगरेको रकम दिएको भनी लिखत तयार गर्ने,

(ख) लेनदेन गरेको वास्तविक रकमभन्दा बढी रकमको लिखत तयार गर्ने,

(ग) लेनदेन गर्दाकै बखत ब्याज रकम समेत सावाँमा जोडी लिखत तयार गर्ने,

(घ) ब्याजलाई सावाँमा जोडी नयाँ लिखत तयार गर्ने,

(ङ) ऋणीले तिरे बुझाएको रकमको भरपाई नदिने वा लिखत नबनाउने,

(च) ऋणको सावाँभन्दा बढी ब्याज लिने,

(छ) ऋण असुलीको लागि कुनै प्रकारको शारीरिक वा मानसिक हानि हुने गरी धम्की दिने वा हिंसा वा शोषण गर्ने, वा

(ज) अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिने।

(३) यो दफा प्रारम्भ हुनुअघि भएको लेनदेनको कारोबारको आधारमा कसैले उपदफा (२) बमोजिमको काम गर्न, गराउन वा अनुचित लेनदेनको रकम असुल उपर गर्न ऋणीलाई हैरानी पुर्‍याउनु हुँदैन।

(४) उपदफा (१) वा (३) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई कसुरको गम्भीरता हेरी सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिबाना हुनेछ।

(५) अनुचित लेनदेनको कसुर गर्ने कसुरदारले त्यस्तो लेनदेनको आधारमा ऋणीबाट रकम वा अन्य कुनै चल सम्पत्ति लिएको रहेछ भने कारोबार भएको वास्तविक रकम र कानून बमोजिमको ब्याज निजलाई दिलाई बाँकी रकम वा अन्य चल सम्पत्ति सम्बन्धित ऋणीलाई कसुरदारबाट भराइदिनु पर्नेछ।

(६) अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण भएको ठहर भएमा त्यस्तो हक हस्तान्तरण बदर हुनेछ।"

५. **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा संशोधनः** मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को,-

(१) दफा ३० पछि देहायको दफा ३०क. थपिएको छः-

"**३०क. सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा कारबाही हुनेः** अनुसन्धान अधिकारीले अनुचित लेनदेन सम्बन्धी कसुरमा अनुसन्धान गर्दा साहुले अस्वाभाविक रूपमा ठूलो रकम घरसारमा ऋण दिएको देखिएमा प्रचलित कानून बमोजिम सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा अनुसन्धान गरी कारबाही चलाइनेछ।"

(२) दफा ११७ को उपदफा (२) मा रहेका "सर्वसाधारणको ठगी" भन्ने शब्दहरूको सट्टा "सर्वसाधारणको ठगी, अनुचित लेनदेन" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा १५५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रचलित कानून बमोजिम एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय हुने कुनै कसुरमा पहिलो पटक कसुरदार ठहरी कैदको सजाय भएको कसुरदारलाई अदालतले कैदमा राखुको सट्टा त्यस्तो कैद बापत रकम लिई कैदबाट छाडिदिन उपयुक्त ठहऱ्याएमा त्यस्तो रकम लिई कैदमा बस्नु नपर्ने गरी आदेश दिन सक्नेछ।"

(४) अनुसूची-१ को प्रकरण (१) को खण्ड (क) को उपखण्ड (२०) मा रहेका "दफा २४९," भन्ने शब्दहरूपछि "दफा २४९क.," भन्ने शब्दहरू थपिएका छन्।

६. **मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० निष्क्रिय भएपछि त्यसको परिणामः** मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश,



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

२०८० निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,-

(क) सो अध्यादेश निष्क्रिय हुँदाका बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन, र

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारबाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारबाही वा उपायलाई पनि शुरु गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ।

प्रमाणीकरण मितिः २०८०।०४।१२

आज्ञाले,
फणीन्द्र गौतम
नेपाल सरकारको निमित्त सचिव ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.द.नं. १६।२०६२।६३